चौथो

आ.व. २०७५\७६ को ~~सेह्रौं~~ बैठक

आज मिति २०७६ साल ज्येष्ठ १५ गते बुधबारका दिन यस पाथीभरा याङवरक गाउँपालिकाका अध्यक्ष **श्री केशरकुमार सुब्बा ज्युको** अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरूको उपस्थीतिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरू गरीयो ।

__उपस्थिती__

| क्र.स. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | केशरकुमार सुब्बा | अध्यक्ष | पा.या.गा.पा. वडा नं. २, ताप्लेजुङ |  |
| २ | रनमाया गुरुङ | सदस्य | ऐ. वडा नं. १ |  |
| ३ | जिवनराज खिम्दिङ | सदस्य | ऐ वडा नं. १ |  |
| ४ | ज्ञानप्रसाद दाहाल | सदस्य | ऐ. वडा नं. २ |  |
| ५ | भिमबहादुर बस्नेत | सदस्य | ऐ. वडा नं. ३ |  |
| ६ | चन्द्रमान खोयाहाङ | सदस्य | ऐ. वडा नं. ४ |  |
| ७ | तारामान साम्सोहाङ | सदस्य | ऐ. वडा नं. ५ |  |
| ८ | दुर्गाप्रसाद थेवे | सदस्य | ऐ. वडा नं. ६ |  |
| ९ | गीता राई | सदस्य | ऐ. वडा नं. १ |  |
| १० | धनकुमारी बि.क. | सदस्य | ऐ. वडा नं. २ |  |
| ११ | सीतादेवी बि.क. (लाभगादे) | सदस्य | ऐ. वडा नं. ३ |  |
| १२ | तेज बहादुर नेपाली | सदस्य | ऐ. वडा नं. ४ |  |
| १३ | जसमाया माङगुङ | सदस्य | ऐ. वडा नं. २ | — |
| १४ | कमला भण्डारी (थेवे) | सदस्य | ऐ. वडा नं. ६ |  |
| १५ | रमेश राई | सदस्य-सचिव | हतुवागडी-८ भोजपुर |  |

अन्य उपस्थिति : गोपाल प्रसाद दाहाल सौरव कन्सल्टेन्सी फर्म तेह्रथुम
: खड्ग बहादुर गुरुङ -॥- फु.न.पा. ६
: मान बहादुर गुरुङ -॥- -॥- ६
: इन्द्रबहादुर सुब्बा रोजगार संयोजक

प्रस्तावहरू

१. आवधिक योजना सम्बन्धमा ।

२. विपदव्यवस्थापन कोषमा रकम थप सम्बन्धमा ।

३. स्थानीय स्तरीय राष्ट्रपति रनिङशील्ड प्रतियोगिताको खर्च सम्बन्धमा ।

४. गौरवको आयोजनाको DPR गर्नेबारे ।

५. वडा नं. १ को वडा भवनको DPR गर्ने ।

६. सशस्त्र प्रहरी बल १ नं. गुल्म ताप्लेजुङको CC CAMERA जडान ।

७. गा.पा.को भवनको प्रारम्भिक नक्सा सम्बन्धमा ।

८. आगमी योजनाका लागि वडाको सिलिङ, वर्षे अधिवेशन तोक्ने ।

९. ४ नं. वडा दुम्रेतिमा सार्वजनिक शौचालय निर्माणका लागि निःशुल्क जग्गा प्रति

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा

<u>निर्णयहरू</u>

**निर्णय नं. १.**

प्रस्ताव नं. १ माथी छलफल गर्दा यसै आ.व.लाई आधार वर्षमानि आगमी ५ वर्षका लागि आवधिक योजना निर्माणका सन्दर्भमा गौरव कन्सल्टेन्टबाट प्रस्तुत प्रारम्भिक प्रतिवेदनमा वडाबाट कार्य योजना थप गरी अन्तिम प्रतिवेदन तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.**

प्रस्ताव नं. २ र ३ माथी छलफल गर्दा गत बिसेश अधिवेशनबाट संशोधित "गाउँपालिकाको जग्गा सम्याउने" शीर्षकमा विनियोजित रु. १८,४५,७१२ रकम शीर्षक संशोधन तथा शीर्षकान्तर गरी निम्नानुसार खर्च गर्ने निर्णय गरीयो ।

| क्र.स. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाको जग्गा DPR गर्न | ८,००,०००।- | |
| २ | विपद व्यवस्थापन कोषमा कोष रकम थप गर्ने | ६,००,०००।- | |
| ३ | जिल्ला स्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागी गराउन | ४,४५,७१२।- | ७५ जना सहभागी गर्न गराउन |
| | | १८,४५,७१२।- | |

**निर्णय नं. ३.**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिकाको गौरवको आयोजना खोक्से-कामीडाँडा-थेचम्बु-खाल्टे-चाक्सीबोटे-थुम्बेदिन-चिउरीगोलाई सडकको दोस्रो पटकको टेन्डरबाट उब्रियको बाँकी रकम रु. २१,२५,४७१.१४ बाट उक्त सडकको DPR गर्नका लागि रकम रु. १९,००,०००।- रुपैया र वडा नं. ५ चाक्सीबोटेको वडा भवनको DPR गर्न रु. २,२५,४७१.१४ खर्च गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४.**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा वडा नं. १ नाङखोल्याङको वडा भवनका लागि जग्गा नि:शुल्क प्राप्ति भई सकेको हुँदा उक्त जग्गामा वडा भवन बनाउनका लागि जि.स.स.बाट प्राप्तहुने रु. ५० लाखबाटै रु ३ लाख खर्च गरी DPR तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा सशस्त्र प्रहरी बल गुल्म ताप्लेजुङको माग बमोजिम उक्त गुल्ममा CC CAMERA जडानका लागि पूँजिगत तर्फको भैपरी शीर्षकबाट रु. १,१०,०००।- खर्च गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा नं.४ डुम्रिसेमा सार्वजनिक सौचालय निर्माणका लागि पाथीभरा याङवरक गाउँपालिका वडा नं. ४ बस्ने मनप्रकाश साम्सोहाङले जिन नाउँ दर्ताको ऐ. वडाका जग्गा गाउँपालिकालाई निशुल्क प्रदान गर्न निवेदन गरेको हुदा उक्त जग्गा प्राप्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि कामका लागि रोजगार कार्यक्रम अन्तरगत रु २४ लाख अनुदान प्राप्त भएकोमा सूचिकित बेरोजगारबाट रोजगार प्रदान गरी सार्वजनिक कार्य गर्न गराउनका लागि मिति २०७६।०२।२२ गते भित्र वडा समितिको बैठक बसि योजना छनौट गरी प्राविधिक स्टिमेट गरी कार्यविधि अनुसारको फारम भरी रोजगार केन्द्रमा पठाउने निर्णय गरीयो ।साथै सोका लागि निम्नानुसार रकम बाँडफाड गर्ने निर्णय गरीयो ।

| क.स. | वडा/स्थल | रकम |
|---|---|---|
| १ | नाङखोल्याङ | ६,००,०००।- |
| २ | थेचम्बु | ५,००,०००।- |
| ३ | तिरिङ्गे | ४,००,०००।- |
| ४ | डुम्रिसे | ४,००,०००।- |
| ५ | चाक्सीबोटे | - |
| ६ | थुम्बेदिन | ४,००,०००।- |
| ६ | सुपरभाईजर तथा व्यस्थापन | १,००,०००।- |
| | जम्मा | २४,००,०००।- |

नोट:- यस प्रयोजनका लागि दैनिक ज्याला दर रु. ५५०।– अक्षेरी पाच सय पचास रुपैया कायम गर्ने निर्णय गरियो।